# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मितिः- २०८३।०४।१८

**BCA कार्यक्रम अन्तर्गत सातौं (२०२२ समूह) सेमेष्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) परीक्षा फाराम भर्ने तथा परीक्षा तालिका सम्बन्धी जरुरी सूचना !**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Bachelor in Computer Applications (BCA) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२२ को सातौं सेमेष्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा मिति २०८३ भाद्र २२ गतेबाट सञ्चालन गर्ने गरी सम्बन्धित सबै छात्र/छात्रालाई निम्नानुसारको मिति र समयभित्र अनलाइन परीक्षा फाराम भर्नको लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

**परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८३ श्रावण २० गतेदेखि भाद्र १० गतेसम्म राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८३ साल भाद्र १५ गते राति १२:०० बजेसम्म ।

- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूले रू. २,०००/- (अक्षरेपी रू. दुई हजार मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा त्रि.वि. रजिष्ट्रशन नम्बर तथा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । साथै Practical/Project/Internship बाँकी रहेका छात्र/छात्राहरूले समेत अनिवार्य अनलाइन परीक्षा फाराम भर्नु पर्नेछ । तथापि फाराम नभरी परीक्षामा सहभागी भएको पाइएमा उक्त परीक्षार्थीको परीक्षाफल प्रकाशित गरिने छैन ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण (**स्थानान्तरण भइ आएका विद्यार्थीहरूको हकमा प्राविधिकसँगको समन्वयमा**) परीक्षा फाराममा अनलाइन मार्फत भर्नु पर्ने छ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८३ साल भाद्र ११ गतेभित्र र दोब्बर दस्तुरको हकमा भाद्र १६ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ । उक्त समयावधि भित्र प्रमाणित नभएको

कारणबाट विद्यार्थीहरूको प्रवेश पत्र तथा टिप्लिकेट समयमा तयार नभई परीक्षाबाट बञ्चित हुन गएमा सम्बन्धित क्याम्पस/कलेज तथा विद्यार्थीहरू नै जवाफदेही हुनेछन् ।

- विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू **(विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू)** को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित विद्यार्थीको आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०८३ साल भाद्र मसान्तभित्र यस कार्यालयमा बुझाएको हुनु पर्ने छ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८३ साल भाद्र १५ गते पश्चात् सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् । उक्त प्रवेशपत्र कलर प्रिन्ट गर्नुका साथै सम्बन्धित क्याम्पस/कलेजको छाप लगाइएको हुनुपर्ने छ र परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथ राख्नु पर्नेछ ।

**परीक्षा कार्यतालिका निम्नानुसार हुनेछ**

## BCA (Batch 2022) Seven Semester (Regular & Partial)

| Exam Date (BS) | Bachelor in Computer Applications | Exam Time |
|---|---|---|
| 2083-05-22 | CACS401: Cyber Law and Professional Ethics | 12:00-3:00 PM |
| 2083-05-24 | CACS402: Cloud Computing | |
| 2083-05-26 | CACS404: Image Processing | |
| 2083-05-30 | CACS405: Database Administration | |
| 2083-06-01 | CACS406: Network Administration | |
| 2083-06-02 | CACS407: Software Project Management | |
| 2083-06-05 | CACS408: Advanced Net Technology | |
| 2083-06-06 | CACS409: E-Governance | |
| 2083-06-07 | CACS410: Artificial Intelligence | |

परीक्षा केन्द्र पछि तोकिनेछ ।

मानविकी तथा सामाजिक शास्त्र संकाय
डीनको कार्यालय
कीर्तिपुर

डा. चिरञ्जीवी आचार्य
सहायक डीन